

# ६ राजकीय अर्थात् उत्कृष्ट प्रेम गीत

*यस अध्यायका मूल पदहरू:* श्रेष्ठगीत, उत्पत्ति २:७, १ कोरन्थी ७:३-५, यूहन्ना १७:३, १ यूहन्ना १:९, रोमी १:२४-२७ र गलाती ५:२४।

*यस अध्यायको मूल सार पद:* **"६ मलाई तपाईंको हृदयमा एउटा लालमोहरको छापजस्तै लगाउनुहोस्, तपाईंको पाखुरामा एउटा छापजस्तै, किनभने प्रेमचाहिँ मृत्युजस्तै धेरै बलियो हुन्छ, ईर्ष्या चिहानजस्तै निष्ठूर हुन्छ। यसको ज्वाला आगोका मुस्लाहरू जस्ता हुन्छन्। त्यो कुनै पनि ज्वालाभन्दा पनि कड़ा दन्केको आगोझैं दन्किन्छ।" (श्रेष्ठगीत ८:६ रूपान्तरित)।**

मानिसको जीवन चक्रमा विवाह पनि त्यही चक्रभित्र पर्ने एक महत्त्वपूर्ण कदम हो। तर, सबै जनाको विवाह हुन्छ भन्ने छैन। तर जसले विवाह गर्छ तब त्यसले अनेकौं विशेष चुनौतिहरूको सामना गर्नुपर्ने हुन्छ। दाम्पत्य जीवनमा विशेष आशिषहरू पनि पाइन्छ। ती आशिषहरूमा श्रीमान् र श्रीमतीको बीचमा हुने यौनसम्पर्क पनि एक हो। यदि ठिक समयमा ठिक ठाउँमा प्रेमको त्यस बरदानलाई उपयोग गर्न सकियो भने त्यो प्रेमलाई झल्काउने अत्यन्त प्रभावकारी बरदान हुनसक्छ।

कतिपय इसाईहरू विवाह गर्नु पाप हो र पुरुष वा स्त्री कामबासनामा लाग्नु हुन्न भनेर बाइबलले सिकाउँछ भन्ने धारणा फैलाउँछन्। यो धारणा लोकप्रिय नभएको पनि होइन। परमेश्वरले मानव प्राणीलाई दिनुभएको यौनसम्पर्कको बरदानलाई दुरुपयोग गर्नेको खिलाफमा बाइबलले स्पष्ट निर्देशन दिइएको छ। प्रत्येक मानिस यस निर्देशनप्रति संवेदनशील हुनु आवश्यक छ।

भावनात्मक कविताले भरिएको राजा सोलोमनले लेखेका श्रेष्ठगीत सानो पुस्तक हो। शायद बाइबलको कुनै पनि पुस्तकहरू भन्दा यो पुस्तक थोरैलेमात्र पढ्दछन्। यस पुस्तकमा शुलामाइट नाउँ गरेकी एक युवती दुलही

र उनको प्रेमीसँगको सम्बन्धलाई वर्णन गरिएको छ। त्यो प्रेमी राजा सोलोमन आफै हुनुहुन्छ भनेर विश्वास गरिएको छ। यस पुस्तकको विशेषताले दाम्पत्य जीवनको रहस्यलाई उघार्दछ र त्यो जीवनमा कामबासनामा आनन्द लिनुपर्छ भनेर खुलासा गरिएको छ। प्रायजसो यस पुस्तकलाई काल्पनिक प्रेमकथाको रूपमा लिइन्छ। यसमा परमेश्वर र उहाँका जनहरूको बीचमा वा येशू ख्रीष्ट र उहाँको चर्चको बीचमा हुने घनिष्ट सम्बन्धलाई चिन्ह वा प्रतीकको रूपमा चित्रण गरिएको छ। तर जेभएतापनि यसमा स्त्री र पुरुषको बीचमा कस्तो प्रेमको सम्बन्ध हुनुपर्छ भनेर देखाउने वास्तविक मानवीय भावनाहरू निर्धक्कसँग पोखाइएको पाउँछौं।

यस अध्यायमा पुरानो करारमा विवाहको बारेमा कसरी चित्रण गरिएको छ सो हामीले हेर्नेछौं।

## १. दुई टुक्रा पार्न नसकिने जीवन

**देहायका पदहरूमा मानव शरीरको बारेमा बाइबलको धारणा कसरी चित्रण गरिएको छ, त्यसको बारेमा तपाईंले के भन्नुहुन्छ? हेर्नुहोस्ः उत्पत्ति २:७ "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए।", उत्पत्ति २:१८ "१८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।...२१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, 'यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।", भजन ६३:१ "हे परमेश्वर, तपाईं मेरा परमेश्वर हुनुहुन्छ, म तपाईंलाई दिलोज्यानले खोज्छु। पानी नभएको ओबानो र बाँझो जमिनमा मेरो प्राण तपाईंको निम्ति तिर्खाउँछ। मेरो शरीर तपाईंकै निम्ति मरिमेट्दछ।", भजन ८४:२ "२ परमप्रभुका मन्दिरको निम्ति मेरो प्राण इच्छुक छ, र मूर्च्छै पनि पर्छ। मेरो हृदय र मेरो शरीर दुवैले जीवित परमेश्वरको पुकार गर्दछ।" (भजन १३९:१३-१८ "१३ किनकि तपाईंले नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो, तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो। १४ म**

**तपाईंको प्रशंसा गर्छु, किनकि म भयानक र अद्भुत रीतिले बनाइएको छु। तपाईंका कार्यहरू अद्भुत छन्, र त्यो कुरा म पूर्ण रूपले जान्दछु। १५ जब अदृश्यमा म बनिँदैथिएँ, मेरो रचना तपाईंबाट लुकेको थिएन। अनि जब म पृथ्वीको गहिराइमा रचिँदैथिएँ, १६ तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे। मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए। १७ हे परमेश्वर, मेरो निम्ति तपाईंका विचारहरू कति बहुमूल्य छन्! तिनको सङ्ख्या कति महान् छ! १८ तिनलाई मैले गन्नुपरेमा, ती बालुवाका कणहरूभन्दा बढ़ी हुनेथिए। जब म बिउँझन्छु, तब म तपाईंसँगै हुन्छु"), १ कोरन्थी ६:१९-२० "१९ तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। २० तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।" र १ थेस्सोलिनिकी ५:२३ "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्।"**

कतिपय धर्म दर्शनहरूले द्वैतबादमा विश्वास गर्छन्। यो यस्तो सिद्धान्त हो जसले मानव शरीर आत्मिक जीवनको निम्ति समस्या वा भारी छ। त्यसको अर्थ मानव शरीर खराब छ तर भित्री आत्मा असल छ। तर बाइबलमा मानव शरीर जसमा यौन चाहना पनि पर्दछ सम्पूर्ण जीवन पद्धतिको भाग हो। "शारिरीक वा भौतिक" तत्व र "आत्मा" अर्थात् परमेश्वरको सास मिसिन्दा जीवित मानव शरीर बन्दछ (उत्पत्ति २:७)। भजनका लेखकले केवल आत्मामात्र होइन आफ्नो सम्पूर्ण जीवन- शारीरिक, मानसिक र आत्मिक तत्वहरूलाई परमेश्वरको आराधनामा सुम्पन्छन् (भजन ६३:१,८४:२)। सम्पूर्ण व्यक्तित्व वा मानव शरीर, दिमाग र आत्मालाई परमेश्वरले चाहनुभएको पवित्र कामको निम्ति छुट्याउनु पर्दछ।

**प्रिय र प्रियसी अर्थात् विवाह गरेको दम्पत्तीको बीचमा हुने यौनसम्पर्कमा मानिसको सम्पूर्ण शारिरीक, मानसिक, आत्मिक वा भावनात्मिक तत्वहरू मिसिएको हुन्छ भनेर श्रेष्ठगीतमा यसरी प्रकट गरिएको छ, हेर्नुहोस्: श्रेष्ठगीत १:२,१३ "२ उहाँले मलाई आफ्नो मुखको चुम्बनले चुम्बन गरून्, किनभने तपाईंको प्रेम दाखमद्यभन्दा पनि उत्तम छ।...१३ मेरा प्रेमी मेरो**

छातीमा झुण्डिने मूर्रले (अत्तर) भरिएको थैलीजस्तै मलाई लाग्छ।", २:६ "उहाँको देब्रे हात मेरो शिरमुनि छ, र उहाँको दाहिने हातले मलाई अँगालो हालेको छ।", ५:१०-१६ "१० दश हजारमध्ये पनि मेरा प्रेमी श्रेष्ठ, उज्ज्वल र रातो-पिरो हुनुहुन्छ। ११ उहाँको शिर निखुर सुनको छ, उहाँको केश घुम्रिएको र कागजस्तो कालो छ। १२ उहाँका आँखाहरू पानीका खोलाको छेउमा बस्ने ढुकुरहरूजस्ता, दूधले पखालिएको, बहुमूल्य पत्थर जड़िएका जस्ता छन्। १३ उहाँका गालाहरू बास्ना फिँजाउने सुगन्धित मसलाका ड्याङजस्तै छन्। उहाँका ओठ मूर्रको रस चुहाउने लिली फूलहरूजस्ता छन्। १४ उहाँका हात पीतमणि जड़िएका सुनका लहुरोजस्तै छन्। उहाँका पेट नीरहरू जड़ेर सजाइएको, टल्काइएको हस्ती-हाड़जस्तो छ। १५ उहाँका गोड़ा शुद्ध सुनका जगमा बसालिएका सिङ्गमरमरका खामाहरूजस्तै छन्। उहाँको आकार लेबनानजस्तै, त्यसका देवदारुजस्तै उत्तम छ। १६ उहाँको मुख मिठासले नै भरिएको छ, उहाँ पूर्ण रूपले सुन्दर हुनुहुन्छ। उहाँ नै मेरा प्रेमी, मेरा मित्र हुनुहुन्छ, हे यरूशलेमका छोरीहरू हो।" र ७:१-९ "१ हे राजकुमारकी छोरी, जुत्ता लाएका तिम्रा खुट्टा कति राम्रा छन्। एउटा निपुण कारीगरले रचेका जस्तै तिम्रा हिसी परेका खुट्टा रत्नझैं छन्। २ तिम्रो नाभि गोलो बटुकोजस्तै छ, जसमा मिसाएका दाखमद्यको अभाव कहिल्यै हुँदैन। तिम्रो पेट लिली फूलहरूले घेरिएको गहूँको राशिजस्तै छ। ३ तिम्रा स्तनहरू दुई पाठाहरूजस्तै छन्, हरिणका दुई जुम्ल्याहा पाठाहरूझैं। ४ तिम्रो घाँटी हस्ती-हाड़को धरहराजस्तै छ, तिम्रा आँखा बाथ-रब्बीमका ढोकाको छेउमा रहेका हेश्बोनका पोखरीहरूजस्ता छन्। तिम्रो नाक दमस्कसतिर फर्केको लेबनानको धरहराजस्तै छ। ५ तिम्रो शिरले कर्मेल डाँड़ाजस्तै तिमीलाई मुकुट लगाइदिएको छ। तिम्रो शिरको केश राजकीय पर्दाझैं छ। केश राशिले राजा मोहित छन्। ६ तिमी कति सुन्दरी र मनोहर छ्यौ, हे प्रिय, तिम्रो आनन्दमा! ७ तिम्रो शरीरको कद खजूरको रूखजस्तै, र तिम्रा स्तनहरू फलका झुप्पाझैं छन्। ८ मैले भनें, 'म खजूरको रूखमा चढ्नेछु, र यसका फल समात्नेछु।' तिम्रा स्तनहरू दाखका झुप्पाहरूजस्तै, तिम्रो सासको बास्ना स्याउको सुगन्धझैं, ९ र तिम्रो मुख उत्तम दाखमद्यजस्तै होऊन्। प्रेमिका ओठ र दाँतबाट भएर बिस्तारै बग्दै दाखमद्य सीधै मेरा प्रेमीकहाँ पुगोस्।"

यस पवित्र पुस्तकभरि मानव शरीरलाई मुक्तकण्ठले तारिफ गरिएको छ। विवाहित दम्पतीको बीचमा हुनै शारीरिक सम्बन्ध लाजको कुरो होइन। प्रेमी र प्रेमिकाको बीचमा शारीरिक सम्बन्धमा आउने पूर्ण मिठासलाई श्रेष्ठगीतले भावानात्मक रूपमा व्यक्त गरेको छ।

धेरै धर्म तथा संस्कारहरूमा यौनसम्बन्धको बारेमा अनेकौं अस्वस्थ धारणाहरू फैलाइएको छ। त्यसले गर्दा विवाहित दम्पतीको बीचमा स्वस्थतरिकाले खुलाभएर कुराकानी गर्नु कठिन बनाएको हुन्छ। त्यसै गरेर कतिपय इसाई घरहरूमा पनि छोराछोरीहरूलाई यौनसम्पर्कको बारेमा उचित ज्ञान दिएको हुँदैन। वैवाहिक जीवनमा यौनसम्पर्क परमेश्वरकै मूल्यमान्यता अनुसार चल्नु स्वस्थ हो भनेर छोराछोरीहरूलाई ज्ञान दिइएको हुँदैन। यौनसम्पर्कको बारेमा बाइबलले खुलारूपमा व्यक्त गरेको कारण यस विषयमा छलफल गर्नु सबैले सहज मान्नुपर्छ। यो विषयलाई सृष्टिकर्ता परमेश्वरको बरदान हो भनेर सिकाउनुपर्दछ। उचित यौनसम्बन्धलाई आदर र गरिमायुक्त बनाएर सिकाउनुपर्दछ किनकि मानिसको जीवनमा यौनसम्बन्ध अत्यन्त महत्त्वपूर्ण पक्ष हो।

**कतिपय धार्मिक, संस्कार, परम्परा, जाति, नैतिकता आदिको नाउँमा यौनक्रिया केही पनि होइन भनेर ठान्दछन् वा यस विषयलाई तल्लोस्तरमा झरेर पशु जस्तै ठानेर सोच्दछन्। अझ दम्पतीको बीचमा यौनक्रिडाको बारेमा छलफल गर्नुपनि लाजमर्दो कुरो हो भनेर पन्छाउँछन्। यस्ता यौन सम्बन्धको बारेमा यस्ता गलत धारणाबाट हामी कसरी जोगिने? यौनसम्बन्धको बारेमा कुरै नगर्ने धारणा वा हल्कारूपमा लिएर उचित यौनसम्बन्धको अवमूल्यन गर्ने मनिस्थितिको बारेमा बाइबलले कसरी संतुलित रूपमा देखाइएको छ?**

## २. प्रेमगीतमा प्रेमका बोलीहरू

**श्रेष्ठगीतमा प्रेमका विभिन्न पक्षहरू प्रस्तुत गरिएका छन्। ती के के हुन्? हेर्नुहोस् देहायका केही पदहरूमाः श्रेष्ठगीत १:२,१३ "२ उहाँले मलाई आफ्नो मुखको चुम्बनले चुम्बन गरून्, किनभने तपाईंको प्रेम दाखमद्यभन्दा पनि उत्तम छ।...१३ मेरा प्रेमी मेरो छातीमा झुण्डिने मूर्रले (बहुमूल्य अत्तर) भरिएको थैलीजस्तै मलाई लाग्छ।", २:१०-१३ "१० मेरा प्रेमी बोल्नुभयो र मलाई भन्नुभयो, 'उठ, हे मेरी प्यारी, मेरी सुन्दरी, र मसित आऊ। ११ हेर, अब हिउँद बित्यो, वर्षा पनि सिद्धियो। १२ पृथ्वीमा फूलहरू देखा पर्न थाले,**

गीत गाउने समय आयो, र ढुकुर कुर्लेको सोर हाम्रो देशमा सुनिन्छ। १३ अञ्जीरका बोटमा अञ्जीरका हरिया दाना लागेका छन्, र दाखबारीमा दाखको फूलले मीठो बास्ना फिँजाउँछ। उठ, मेरी प्यारी, मेरी सुन्दरी, र मसित आऊ... १६ मेरा प्रेमी मेरै हुनुहुन्छ, र म उहाँकी हुँ, लिली फूलहरूका बीचमा उहाँ घुमेर हिँड्नुहुन्छ।'", ३:११ "सियोनका छोरीहरू हो, बाहिर निस्केर आओ, राजा सोलोमनले मुकुट लगाउनुभएको हेर, त्यो मुकुट जुन उहाँकी आमाले विवाहको दिन, उहाँको हृदय रमाएको दिनमा पहिराइदिएकी थिइन्।", ४ "१ मेरी प्यारी, तिमी साह्रै सुन्दरी छ्यौ! असाध्यै सुन्दरी! घुम्टोभित्र लुकेका तिम्रा आँखा ढुकुरजस्ता छन्, तिम्रा केश गिलाद डाँड़ाको भिरालोबाट झरिरहेका बाख्राको बगालजस्तै छ। २ तिम्रा दाँत भरखरै कत्रेका, नुहाएर आएका भेड़ाहरूका बथानजस्तै छन्। प्रत्येकको जुम्ल्याहा छ, कुनै पनि एकलो छैन। ३ तिम्रा ओठ राता रिबनजस्ता छन्, तिम्रो मुख अति सुन्दर छ। घुम्टोभित्र तिम्रा गालाहरू दुई फ्याक परेको दारिमजस्तै छन्। ४ तिम्रो घाँटी दाऊदको भव्य धरहराजस्तै छ। त्यहाँ एक हजार ढाल झुण्डाइएका छन्, ती सबै योद्धाहरूका ढाल हुन्। ५ तिम्रा दुई स्तन दुई पाठाजस्तै छन्, लिली फूलका बीचमा चर्ने हरिणका जुम्ल्याहा पाठाजस्तै छन्। ६ झिसमिसे बिहान नआएसम्म र छाया हराउँदै नगएसम्म, म मूर्रको पर्वतमा र धूपको डाँड़ामा जानेछु।

७ मेरी प्यारी, तिमी साह्रै सुन्दरी छ्यौ, तिमीमा कुनै दाग छैन। ८ हे मेरी दुलही, लेबनानबाट मकहाँ आऊ, लेबनानबाट मकहाँ आऊ। अमानाको चुचुरोबाट ओह्रालो झरेर आऊ, सेनीरको टुप्पा, हेर्मोनको टाकुराबाट आऊ, सिंहहरूका ओड़ार र चितुवाहरूका पहाड़ी अखड़ाबाट। ९ तिमीले मेरो हृदय चोरेकी छ्यौ, मेरी बहिनी, मेरी दुलही तिम्रो एउटै नजरले, तिम्रो हारको एउटा रत्नले तिमीले मेरो हृदय चोरेकी छ्यौ।१० तिम्रो प्रेम कति आनन्ददायी छ, मेरी बहिनी, मेरी दुलही। कुनै दाखमद्यभन्दा पनि तिम्रो प्रेम साह्रै असल, र तिम्रो अत्तरको बास्ना कुनै पनि मसलाको भन्दा अति सुगन्धित छ! ११ तिम्रा ओठले महका चाकाबाट जस्तै मिठास चुहाउँछ, हे मेरी दुलही। दूध र मह तिम्रो जिब्रोमुनि छन्। तिम्रा लुगाको बास्ना लेबनानको जस्तै छ।

१२ मेरी बहिनी, मेरी दुलही, तिमी बन्द राखिएको बगैंचाजस्तो, छोपिएको मुहानजस्तो, एउटा छाप लगाएकी फुहाराजस्तै छ्यौ। १३ तिम्रा बोटहरू अनारको बगैंचाजस्तै छन्, उत्तम फलहरूले भरिएको बगैंचा। मेहदी र जटामसी, १४ जटामसी र केशर, बोझो र दालचिनी, थरी-थरीका सुगन्धित

धूपका रूखहरू, मूर्र र एलवा, र सबै किसिमका असल सुगन्धित मसलाहरू। १५ तिमी त बगैंचाको फुहारा, लेबनानबाट बग्दैआएकी पानीको मूल हौ। १६ हे उत्तरको बतास, जाग्। हे दक्षिणको बतास, आइज! मेरो बगैंचाबाट हुँदै बही, यसको बास्ना टाढ़ासम्म पुगोस्। मेरा प्रेमी आफ्नो बगैंचामा आऊन्, र यसका उत्तम फलहरू चाखून्।", ५:१६ "उहाँको मुख मिठासले नै भरिएको छ, उहाँ पूर्ण रूपले सुन्दर हुनुहुन्छ। उहाँ नै मेरा प्रेमी, मेरा मित्र हुनुहुन्छ, हे यरूशलेमका छोरीहरू हो।", ६:६ "तिम्रा दाँत भरखरै नुहाएर आएका भेड़ाहरूको बगालजस्तै छन्। प्रत्येकको जुम्ल्याहा छ, कुनै पनि एकलो छैन।", ७:१-९ "१ हे राजकुमारकी छोरी, जुत्ता लाएका तिम्रा खुट्टा कति राम्रा छन्। एउटा निपुण कारीगरले रचेका जस्तै तिम्रा हिसी परेका खुट्टा रत्नझैं छन्। २ तिम्रो नाभि गोलो बटुकोजस्तै छ, जसमा मिसाएका दाखमद्यको अभाव कहिल्यै हुँदैन।

तिम्रो पेट लिली फूलहरूले घेरिएको गहूँको राशिजस्तै छ। ३ तिम्रा स्तनहरू दुई पाठाहरूजस्तै छन्, हरिणका दुई जुम्ल्याहा पाठाहरूझैं। ४ तिम्रो घाँटी हस्ती-हाड़को धरहराजस्तै छ, तिम्रा आँखा बाथ-रब्बीमका ढोकाको छेउमा रहेका हेश्बोनका पोखरीहरूजस्ता छन्। तिम्रो नाक दमस्कसतिर फर्केको लेबनानको धरहराजस्तै छ। ५ तिम्रो शिरले कर्मेल डाँड़ाजस्तै तिमीलाई मुकुट लगाइदिएको छ। तिम्रो शिरको केश राजकीय पर्दाझैं छ। केश राशिले राजा मोहित छन्। ६ तिमी कति सुन्दरी र मनोहर छ्यौ, हे प्रिय, तिम्रो आनन्दमा! ७ तिम्रो शरीरको कद खजूरको रूखजस्तै, र तिम्रा स्तनहरू फलका झुप्पाझैं छन्। ८ मैले भनें, ' म खजूरको रूखमा चढ्नेछु, र यसका फल समात्नेछु।' तिम्रा स्तनहरू दाखका झुप्पाहरूजस्तै, तिम्रो सासको बास्ना स्याउको सुगन्धझैं, ९ र तिम्रो मुख उत्तम दाखमद्यजस्तै होऊन्। प्रेमिका ओठ र दाँतबाट भएर बिस्तारै बग्दै दाखमद्य सीधै मेरा प्रेमीकहाँ पुगोस्। १० म मेरा प्रेमीकी हुँ र उहाँको तृष्णा मेरै निम्ति छ। ११ आउनुहोस्, मेरा प्रेमी, खेतबारी हुँदो डुल्न जाऔं, र राती गाउँतिर वास बसौं। १२ हामी बिहानै दाखबारीमा जाऔं, दाखमा कोपिला लागेर फक्रेका छन् कि, र दारिमहरूका फूल लागेछन् कि हेरौं, त्यहाँ म तपाईंलाई मेरो प्रेम दिनेछु। १३ दूधे-फूलहरूले आफ्नो बास्ना फैलाइरहेका छन्, सबै किसिमका स्वादिला फलहरू हाम्रै ढोकामा छन्, नयाँ र पुराना फलहरू, जो मैले तपाईंको निम्ति साँचिराखेकी छु, हे मेरा प्रेमी।" र ८:६,७ "६ मलाई तपाईंको हृदयमा एउटा छापजस्तै लगाउनुहोस्, तपाईंको

**पाखुरामा एउटा छापजस्तै, किनभने प्रेमचाहिँ मृत्युजस्तै प्रबल हुन्छ, यसको तृष्णा चिहानजस्तै हठी। त्यो कुनै पनि ज्वालाभन्दा पनि कड़ा दन्केको आगोझैं दन्किन्छ। ७ थुप्रै पानीका भलले पनि प्रेमलाई मेट्न सक्दैन, खोलाहरूले यसलाई कदापि बगाउन सक्दैनन्। कुनै मानिसले प्रेमको सट्टामा आफ्नो घरको सारा सम्पत्ति नै दिए तापनि त्यो त बिल्कुलै तिरस्कार गरिनेथियो।"**

साथीहरू एकआपसमा समय बिताउँछन्, केही कुरा नलुकाइकन कुराकानी गर्छन् र एक आपसको आवश्यकतामा संवेदशील **हुन्छन् भनेर श्रेष्ठगीत अर्थात् सोलोमनको गीतले देखाउँदछ। युवा युवती असल साथी** भइसकेपछि तिनीहरू वैवाहिक जीवनमा सहपाठी हुन्छन्। श्रीमतीले घोषणा गर्छिन् "यो मेरो मित्र हो" (श्रेष्ठगीत ५:१६ रूपान्तरित)। मित्र वा साथी भन्ने शब्द प्रयोग गरिंदा एक आपसमा भएको मित्रता र साथदिने सहकर्मी भन्ने बुझिन्छ। त्यसमा कामबास्नाले लुप्त भएर एक आपमा यौन शोषण गरिएको हुँदैन। कसैको पति वा पत्नी छ भने यदि तिनीहरू एक आपसलाई नियन्त्रण गर्ने नभएर अत्यन्तै मिल्ने साथी **भएर हिँड्छन्** भने त्यो दम्पतीलाई भाग्यमानी ठान्नुपर्छ।

एक आपसमा नजिक रहेर एक आपसको सराहना गर्ने र प्रेमको भावनालाई सजिलैसँग व्यक्त गर्न सक्ने वातावरण सृजना भएको हुनुले एक आपसप्रति कडारूपमा आकर्षित भएको देखाउँछ। ती जोडाजोडीको बीचमा शारीरिक र भावनात्मक सम्बन्ध अत्यन्तै रमाइलो भएको श्रेष्ठगीतभरि कविताको शैलीमा व्यक्त गरिएको पाइन्छ। दम्पती भएर स्वभाविकरूपमा उब्जने सही आदर्श वा रोमान्टिक प्रेम सृष्टिकर्ताको बरदान हो। यसले गर्दा दाम्पत्य जीवन अत्यन्तै नजिक भएर बुनिएको हुन्छ। जब परमेश्वरको प्रेमले दम्पतीको हृदयमा काम गर्न दिइन्छ तब तिनीहरूमा भएको मानव प्रेम "सफा र शुद्ध हुन्छ, त्यो प्रेम उच्च आदर्शको हुन्छ र त्यसको प्रतिष्ठा उल्लेखनीय हुन्छ"-एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* पृ. ९९बाट रूपान्तरित।

माथिका पदहरूले प्रेमको बारेमा उच्च कोटीका विचारहरू व्यक्त गर्दछन्। यथार्थमा भन्ने हो भने सत्य, निस्वार्थी प्रेम पापको कारणले मानव प्राणीको हृदयमा आफै उब्जंदैन वा स्वत हुँदैन। यो पवित्र आत्माको बरदान हो (रोमी ५:५)। पवित्र आत्माको बरदान प्रेम श्रीमान र श्रीमतीको एकता नमरुञ्जेल हुन्छ। यो प्रेमले एक आपसलाई समर्पित गराउँछ जुन बाबुआमा र छोराछोरीहरूको बीचमा बलियो सम्बन्ध सृजना गर्दछ। यस्तो खालको प्रेम

सम्बन्ध आजको युगको माग हो। साना बालबालिका र हुर्किएका छोराछोरीहरूले आफ्ना बाबुआमामा निस्वार्थी र आदर्शको प्रेम देखियो भने एकआपसमा विश्वासको वातावरण बन्दछ। आफ्नो भाऊ नखोज्ने तर अरूको उच्च हित चाहने प्रेमले येशूको शरीर रूपी चर्चलाई एकत्रित राख्दछ। श्रीमान र श्रीमतीको बीचको सम्बन्धमा पवित्र आत्माले अभिप्रेरित भएको प्रेम सक्रिय होस् भन्ने श्रेष्ठगीतको आह्वान हो।

**श्रीमान र श्रीमतीको बीचमा हुने स्वच्छ, निस्वार्थी र घनिष्ठ प्रेमले परमेश्वरमा हामीहरूको प्रेमको सम्बन्धलाई कसरी प्रतिबिम्ब गर्दछ? श्रीमान र श्रीमतीको बीचमा भएको प्रेम, घनिष्ठता, एक आपससँग समय बिताउने चलन, खुला कुराकानी, समझदारी आदीले गर्दा एक आपसमा नजिक ल्याउँछ। त्यही खालको समान संस्कार परमेश्वर र हाम्रो बीचमा बसाल्न सक्यौं भने हामीहरूको आत्मिक जीवन कस्तो उज्ज्वलमय होला?**

## ३. पति र पत्नी बीचको सम्बन्ध बलियो बनाउने ज्ञानप्रतिको तिब्र मोह

*श्रेष्ठगीत वा सोलोमनको गीतको* पुस्तकलाई केलाएर पढियो भने त्यसमा "अदनमा फर्कौं" भन्ने विषयबस्तुले धेरै मानिसहरूको हृदय सजिएको पाउँछौं। जुनजोडीको बारेमा त्यस गीती कथामा वर्णन गरिएको छ त्यो आदम र हव्वाको गीत हो भन्ने छैन तैपनि त्यस गीत वा कवितामा अदनको बँगैचाको बारेमा हामीलाई याद दिलाउँछ। पति र पत्नी दुई शरीर होइनन् एकै शरीर हुन् (उत्पत्ति २:२४,२५) भन्ने परमेश्वरको योजनालाई यस पुस्तकभरि विभिन्न प्रतीक र अलङ्कारका शब्दहरू सुन्दर र संवेदनशील तरिकाले प्रयोग गरेर चित्रण गरिएको छ।

**पति र पत्नीबीच कस्तो गहिरो पारस्पारिक र व्यक्तिगत सम्बन्ध हुनुपर्छ भनेर श्रेष्ठगीत ४:७-५:१ले गीत वा कविताको भाषामा देखाइएको छ। हेर्नुहोस्: " ७ मेरी प्यारी, तिमी साह्रै सुन्दरी छ्यौ, तिमीमा कुनै दाग छैन। ८ हे मेरी दुलही, लेबनानबाट मकहाँ आऊ, लेबनानबाट मकहाँ आऊ। अमानाको चुचुरोबाट ओह्रालो झरेर आऊ, सेनीरको टुप्पा, हेर्मोनको टाकुराबाट आऊ, सिंहहरूका ओड़ार र चितुवाहरूका पहाड़ी अखड़ाबाट। ९ तिमीले मेरो हृदय चोरेकी छ्यौ, मेरी बहिनी, मेरी दुलही तिम्रो एउटै नजरले, तिम्रो हारको एउटा रत्नले तिमीले मेरो हृदय चोरेकी छ्यौ। १० तिम्रो प्रेम कति आनन्ददायी छ, मेरी बहिनी, मेरी दुलही। कुनै दाखमद्यभन्दा पनि तिम्रो प्रेम साह्रै असल, र**

तिम्रो अत्तरको बास्ना कुनै पनि मसलाको भन्दा अति सुगन्धित छ! ११ तिम्रा ओठले महका चाकाबाट जस्तै मिठास चुहाउँछ, हे मेरी दुलही। दूध र मह तिम्रो जिब्रोमुनि छन्। तिम्रा लुगाको बास्ना लेबनानको जस्तै छ।

१२ मेरी बहिनी, मेरी दुलही, तिमी बन्द राखिएको बगैंचाजस्तो, छोपिएको मुहानजस्तो, एउटा छाप लगाएकी फुहाराजस्तै छ्यौ। १३ तिम्रा २०० बोटहरू अनारको बगैंचाजस्तै छन्, उत्तम फलहरूले भरिएको बगैंचा, मेहदी र जटामसी, १४ जटामसी र केशर, बोझो र दालचिनी, थरी-थरीका सुगन्धित धूपका रूखहरू, मूर्र र एलवा, र सबै किसिमका असल सुगन्धित मसलाहरू। १५ तिमी त बगैंचाको फोहरा, लेबनानबाट बग्दैआएकी पानीको मूल हौ। १६ हे उत्तरको बतास, जाग्। हे दक्षिणको बतास, आइज! मेरो बगैंचाबाट हुँदै बही, यसको बास्ना टाढ़ासम्म पुगोस्।

मेरा प्रेमी आफ्नो बगैंचामा आऊन्, र यसका उत्तम फलहरू चाखून्।" र ५:१ "हे मेरी बहिनी, मेरी दुलही, म मेरो बगैंचामा आएँ, मैले मेरो सुगन्धित मसलासमेत मेरो मूर्र बटुलें। मैले मेरो महको चाका र मेरो मह खाएँ। मैले मेरो दाखमद्य (अङ्गुरको रस) र मेरो दूध पिएँ। मित्रहरू खाओ, हे मित्रहरू हो, पिओ, अघाउञ्जेल पिओ, प्रेमीहरू हो।" पावलले पनि मानवीय भावनालाई बुझेर पति र पत्नीको बीचमा एकजिउ हुनुपर्दछ भनेर सहमति जनाउँदै यसरी अर्ती दिँदछन् "३ पतिले आफ्नी पत्नीलाई तिनको वैवाहिक हक देओस्, र यसरी नै पत्नीले पनि आफ्ना पतिलाई। ४ पत्नीले आफ्नो शरीरमाथि अधिकार राख्दिन, तर उसको पतिले राख्छ। यसरी नै पतिले पनि आफ्नोशरीरमाथि अधिकार राख्दैन, तर उसकी पत्नीले राख्छे। (बुझ्नुहोस्ः पति पत्नीको स्वामी भएर उनलाई थिचोमिचो गर्ने अधिकार पावलले दिँदैन बरू एक आपस नै एक आपसको स्वामी हो भनेर स्पष्ट पार्दछ-अनुवादकको टिप्पणी) ५ पति पत्नीले आफ्नो पारस्परिक संसर्गदेखि एक-अर्कालाई इन्कार नगर। इन्कार गर्‍यौ भने पनि आपसमा सल्लाह गरेर केही समयको निम्ति मात्र, ताकि तिमीहरू प्रार्थनामा लागिरहन सक। तब फेरि एकसाथ बस, ताकि आत्मसंयमको अभावको कारणले शैतानले तिमीहरूलाई परीक्षामा नपारोस्। ६ यो म तिमीहरूलाई आज्ञाको रूपमा होइन, तर अनुमतिको रूपमा भन्दछु। ७ सबै मानिस मजस्तै रहेको म इच्छा गर्दछु। तर हरेकलाई परमेश्वरबाट विशेष वरदान मिलेको छ, एउटालाई एक किसिमको, अर्कालाई अर्को किसिमको। ८ तर अविवाहित र विधवाहरूलाई म भन्दछु, तिनीहरू मजस्तै अविवाहित रहे

**तिनीहरूका निम्ति असल हुनेछ। ९ तर तिनीहरूले आफूलाई वशमा राख्न सक्दैनन् भने तिनीहरूले विवाह गरून्। किनभने कामवासनामा जल्नुभन्दा विवाह गर्नु असल हो। १० अब विवाहितहरूलाई म कड़ा आज्ञा दिन्छु (मेरो आज्ञा होइन, तर प्रभुको आज्ञा हो): पत्नी पतिबाट नछुटोस्। ११ तर छुट्टिएर बसिहाले तापनि त्यसले विवाह नगरोस्, बरु आफ्नो पतिसँग मिलाप गरोस्। पतिले आफ्नी पत्नीलाई नत्यागोस्।" १ कोरिन्थी ७:३-११।**

सोलोमनले आफ्नी प्रियसीलाई घिसारेर होइन तर कोमल तरिकाले आग्रह गर्दै आफूतिर बोलाउँछन् "मसँग आऊ" (श्रेष्ठगीत ४:८)। उनले त्यो आग्रह स्वीकार गर्छिन्। पछि उनले पनि आफ्नो प्रियलाई अनुरोध गर्छिन्, "मेरो प्रिय उनको बँगैचामा आओस्" (श्रेष्ठगीत ४:१६)। **उनले** पनि त्यो अनुरोध स्वीकार गर्छन् (श्रेष्ठगीत ५:१)। पति र पत्नीको बीचमा कुनै जबरजस्ती वा एक आपसको शरीरलाई आफ्नै हो भनेर जथाभावी नियन्त्रण गर्न बाइबलले सिकाउँदैन। **व्यक्ति**गत सम्बन्धमा पति र पत्नीको बीचमा स्वतन्त्र र मायालु पाराले वा व्यवहारले चल्नुपर्छ। "मेरो बँगैचा उनको पनि बँगैचा हो।"

"सोलोमन" र "शुलामिथी" भन्ने नाउँ हिब्रू शब्दको शालोमबाट shalom आएको हो। यसको अर्थ "शान्ति" र "सम्पूर्ण स्वास्थलाभ"को कामना हो। पारस्परिक रूपमा एक आपसले एक आपसलाई तारिफ गर्छन्, सम्मान गर्छन् र श्रद्धा देखाउँछन् (श्रेष्ठगीत ४:१-५,५:१०-१६)। "मेरो प्रिय मेरो हो र म उहाँको हुँ" (श्रेष्ठगीत २:१६) भन्ने एक आपसमा व्यक्त गरिएको करारको वचनले अदनको बँगैचामा रचिएको भाषाको प्रतिध्वनि गर्दछ। "अब यो मेरा हाडहरूको हाड हो र छाला वा मासुहरूको मासु वा छाला हो" (उत्पत्ति २:२३)।

**बाइबलमा पति र पत्नीबीचको शारीरिक सम्बन्धलाई व्याख्या गर्न "चिनियो" भनेर उल्लेख गरिएको छ। परमेश्वरसँगको सम्बन्धमा पनि त्यही शब्द प्रयोग गर्दा हामीले के बुझ्न सक्दछौं? हेर्नुहोस्, उत्पत्ति ४:१,२५ "१ आफ्नी पत्नीसित आदमको सहवास भयो, र तिनी गर्भवती भएर कयिनलाई जन्माइन्, र भनिन्, "परमप्रभुको सहायताले एक पुरुष जन्माएँ।...२५ फेरि आफ्नी पत्नीसित आदमको सहवास भयो, र तिनले एउटा छोरा जन्माइन् र तिनको नाउँ यसो भनेर शेत राखिन्, "कयिनले मारेको हाबिलको सट्टामा परमेश्वरले एउटा अर्को बालक मलाई दिनुभयो।" (सहवास भन्ने शब्द अङ्ग्रेजी**

**"know" चिने भनेर प्रयोग गरिएको छ-अनुवादकको टिप्पणी)। १ शमूएल १:१९,२० "१९ भोलिपल्ट तिनीहरू बिहानै उठे, र परमप्रभुलाई दण्डवत् गरेर आफ्नो घर रामामा फर्के। आफ्नी पत्नी हन्नाहसित एल्कानाको सहवास भयो, र परमप्रभुले हन्नाहलाई सम्झनुभयो। २० हन्नाह गर्भवती भइन्, र बेला पुगेपछि तिनले एउटा छोरो जन्माइन्। तिनले त्यसको नाउँ शमूएल राखिन्, किनभने "मैले त्यसलाई परमप्रभुसँग मागेकी हुँ" भनी तिनी भन्थिन्।", मत्ती १:२५ "मरियमले पुत्र नजन्माउञ्जेल योसेफले तिनीसँग सहवास गरेनन्। योसेफले उहाँको नाउँ येशू राखे।", यूहन्ना १७:३ "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।" र १ कोरन्थी ८:३ "तर कसैले परमेश्वरलाई प्रेम गर्दछ भने त्यसलाई परमेश्वरले चिन्नुहुन्छ।"**

**"चिने वा चिनून" भन्ने** शब्दले (विशेष गरेर अङ्ग्रेजीमा "know" वा "नो") बाइबलमा पति र पत्नीको बीचमा भएको घनिष्ठ वा अत्यन्त निकट सम्बन्धलाई जनाउँछ। विवेकशील येशूभक्त विवाहको बारेमा संवेदनशील र असमझदार भएमा सजिलैसँग सम्बन्ध टुक्रिने ज्ञानको विषेशता थाहा पाउन उत्सुक हुन्छ। वैवाहिक जीवन भनेको पति र पत्नी संगसंगै सहयोगी भएर जाने जोडी हो, एक आपसप्रति समर्पित जीवन बिताइ असिमित खुशियालीको बाटोमा हिँड्ने हो भन्ने ज्ञान प्रत्येक जोडीले थाहा पाउनु जरुरी छ। वैवाहिक जीवनमा पति र पत्नीको सम्बन्ध वास्तविक रूपमा अत्यन्तै महान् र रहस्यमय हुन्छ। यस्तै खालको एकता वा एकजिऊको अवधारणा पनि ख्रीष्ट र उहाँको चर्चसित हुने सम्बन्धलाई बाइबलले प्रस्तुत गर्दछ (शायद येशू र विश्वासीहरूको बीचमा हुने रहस्यमय सम्बन्धले गर्दा नै विश्वको इतिहासमा चार करोड भन्दा धेरै मानिसहरू येशूप्रति विश्वासको कारण अइसाईहरूबाट र अतिवादी इसाईहरूबाट नै किन नहुन् तिनीहरूको यातनाले उहाँसँग सति जान राजी भएका थिए र राजी भइरहेका छन्-अनुवादकको टिप्पणी)।

## ४. उचित समयमा प्रेम गर्नु

**श्रेष्ठगीत ४:८-५:१ पढ्नुहोस् "८ हे मेरी दुलही, लेबनानबाट मकहाँ आऊ, लेबनानबाट मकहाँ आऊ। अमानाको चुचुरोबाट ओह्रालो झरेर आऊ, सेनीरको टुप्पा, हेर्मोनको टाकुराबाट आऊ, सिंहहरूका ओड़ार र चितुवाहरूका पहाड़ी अखड़ाबाट। ९ तिमीले मेरो हृदय चोरेकी छ्यौ, मेरी बहिनी, मेरी**

दुलही तिम्रो एउटै नजरले, तिम्रो हारको एउटा रत्नले तिमीले मेरो हृदय चोरेकी छ्यौ। १० तिम्रो प्रेम कति आनन्ददायी छ, मेरी बहिनी, मेरी दुलही। कुनै दाखमद्यभन्दा पनि तिम्रो प्रेम साह्रै असल, र तिम्रो अत्तरको बास्ना कुनै पनि मसलाको भन्दा अति सुगन्धित छ! ११ तिम्रा ओठले महका चाकाबाट जस्तै मिठास चुहाउँछ, हे मेरी दुलही। दूध र मह तिम्रो जिब्रोमुनि छन्। तिम्रा लुगाको बास्ना लेबनानको जस्तै छ। १२ मेरी बहिनी, मेरी दुलही, तिमी बन्द राखिएको बगैंचाजस्तो, छोपिएको मुहानजस्तो, एउटा छाप लगाएकी फुहाराजस्तै छ्यौ। १३ तिम्रा बोटहरू अनारको बगैंचाजस्तै छन्, उत्तम फलहरूले भरिएको बगैंचा, मेहदी र जटामसी, १४ जटामसी र केशर, बोझो र दालचिनी, थरी-थरीका सुगन्धित धूपका रूखहरू, मूर्र र एलवा, र सबै किसिमका असल सुगन्धित मसलाहरू। १५ तिमी त बगैंचाको फुहारा, लेबनानबाट बग्दैआएकी पानीको मूल हौ। १६ हे उत्तरको बतास, जाग्। हे दक्षिणको बतास, आइज! मेरो बगैंचाबाट हुँदै बही, यसको बास्ना टाढ़ासम्म पुगोस्। मेरा प्रेमी आफ्नो बगैंचामा आऊन्, र यसका उत्तम फलहरू चाखून्।" र ५:१ "१ हे मेरी बहिनी, मेरी दुलही, म मेरो बगैंचामा आएँ, मैले मेरो सुगन्धित मसलासमेत मेरो मूर्र बटुलें। मैले मेरो महको चाका र मेरो मह खाएँ। मैले मेरो दाखमद्य र मेरो दूध पिएँ। मित्रहरू खाओ, हे मित्रहरू हो, र पिओ, अघाउञ्जेल पिओ, प्रेमीहरू हो।"

श्रेष्ठगीत ४:१६देखि ५:१ श्रेष्ठगीत पुस्तकको केन्द्र हो। यो सोलोमन र शुलामाइटको विवाहलाई चरमबिन्दुमा पुऱ्याएर रचिएको अंश हो।

देहायका पदहरूमा सोलोमनले कसलाई सम्बोधन गरेको देखाउँछ? श्रेष्ठगीत ४:१२,१६ "१२ मेरी बहिनी, मेरी दुलही, तिमी बन्द राखिएको बगैंचाजस्तो, छोपिएको मुहानजस्तो, एउटा छाप लगाएकी फोहराजस्तै ।...१६ हे उत्तरको बतास, जाग्। हे दक्षिणको बतास, आइज! मेरो बगैंचाबाट हुँदै बही, यसको बास्ना टाढ़ासम्म पुगोस्। मेरा प्रेमी आफ्नो बगैंचामा आऊन्, र यसका उत्तम फलहरू चाखून्।, ५:१ "१ हे मेरी बहिनी, मेरी दुलही, म मेरो बगैंचामा आएँ, मैले मेरो सुगन्धित मसलासमेत मेरो मूर्र बटुलें। मैले मेरो महको चाका र मेरो मह खाएँ। मैले मेरो दाखमद्य र मेरो दूध पिएँ। मित्रहरू खाओ, हे मित्रहरू हो, र पिओ, अघाउञ्जेल पिओ, प्रेमीहरू हो।" र ८:८-१० "८ हाम्री एउटी सानी बहिनी छिन्, तिनका स्तन सानै छन्। तिनलाई विवाह गर्न कोही माग्न आए त्यस दिन हामी के गरौं? ९ यदि तिनी पर्खाल भए त,

**हामीले तिनीमाथि चाँदीका धरहरा खड़ा गर्नेथियौं। यदि तिनी ढोका भए त, हामी देवदारुका फल्याकले बारेर बन्द गर्ने थियौं। १० म एक पर्खाल हुँ, र मेरा स्तन धरहराजस्तै छन्। त्यसैले म उहाँको नजरमा सन्तुष्टि दिने भएकी छु।"**

वैवाहिक जीवन सुरू नगरुञ्जेल पुरुष र स्त्रीले आफ्नो यौनसम्पर्क वा अस्मिता वा कुमारीत्वलाई शुद्ध नै राखोस् भन्ने परमेश्वरको चाहना हो भनेर बाइबलले जोड गर्दछ। श्रेष्ठगीतमा त्यसको प्रमाण कडारूपमा प्रस्तुत गरिएको छ। जब शुलेमाइट हुर्कँदै थिइन् उनी "पर्खाल" हुन्छिन् कि "ढोका" हुन्छिन् (श्रेष्ठगीत ८:८,९) भन्ने उनका दाजुभाइहरूले चिन्ता गरेका थिए। अर्को अर्थमा भन्ने हो भने के उनले विवाह नगरुञ्जेल पर्खाल भएर आफ्नो अस्मिता जोगाइराख्छिन् वा छाडा (ढोका) भएर जथाभावी यौनसम्पर्कमा लाग्छिन्। पाको स्त्री भएकी हैसियतले आफ्नो श्रीमानकहाँ नआउञ्जेल आफ्नो अस्मिता वा कुमारीत्व जोगाइ राख्ने उनले दृढता व्यक्त गर्छिन्। "म पर्खाल भएकी छु" (श्रेष्ठगीत ८:१०) भनेर आफ्नो प्रतिवद्धता सुनाउँछिन्। उनको श्रीमानले पनि उनको विवाह नहुञ्जेल वा सुहागरात नआउञ्जेल उनले कुमारी नै भएर आफ्नो अस्मिता जोगाइराखेकी थिइन् भनेर उनको श्रीमानले सहमति जनाउँछन्। उसले भन्छ "उनी पर्खालभित्रकी बगैंचा..र छोपिएको फोहरा हुन्" (श्रेष्ठगीत ४:१२ रूपान्तरित)। वैवाहिक जीवन र प्रेमको जीवनको कदममा अघि बढ्दा अघि होसियारी हुन आफ्नै अनुभवको आधारमा उनले सल्लाह गर्छिन्। उचित समय नआउञ्जेल अपरिपक्व वा छाउरे प्रेममा पस्रिएर आफ्नो कामबासनालाई नउठाउन शुलेमाइटले एक महिलाको समूहलाई उनले सम्बोधन गर्छिन्। त्यस समूहलाई "यरुशलेमकी छोरीहरू" भनेर सम्बोधन गरिएको छ (श्रेष्ठगीत २:७,३:५,८:४)। जबसम्म पवित्र विवाहमा बाँधिएर श्रीमान र श्रीमती एक हुँदैनन् तब सम्म आफूहरूलाई उनी जस्तै चोखो बस्न अनुरोध गर्छिन्।

आफूसँग आउन आफ्नो प्रिय दुलहीलाई प्रेमीले दुई पल्ट अनुरोध गर्दछ (श्रेष्ठगीत २:१०, ४:८)। विवाह हुनुभन्दा अघि त्यो आग्रह उनले स्वीकार गर्न असमर्थ जनाएकी थिइन्, अब विवाह भएपछि आफ्नो बगैंचामा (श्रेष्ठगीत ४:१६) बोलाउँछिन् र उसको अनुरोधलाई स्वीकार्छिन् (श्रेष्ठगीत ५:१)। ऊ उनको सुन्दरताप्रतिमात्र आकर्षित भएको थिएन तर उनले आफ्नो हृदय चोरेकी छिन् (श्रेष्ठगीत ४:९) र आफू उनको प्रेममा लठ्ठ भएको

स्वीकार्दछिन् (श्रेष्ठगीत ४:१०)। उनी सदाको निम्ति आफ्नै मात्र हुन सृष्टि भएकी हुन् अरू कसैको होइन भनेर उसले भारविभोर भएर यसरी व्यक्त गर्छः "मेरी दुलही, मेरी आफ्नै, तिमी मेरो बगैंचा हौ। तिमी पानीको फोहरा हो जो निर्मल छ र अरूबाट सुरक्षित छौ" (श्रेष्ठगीत ४:१२ रूपान्तरित)। यस सिद्ध, स्वच्छ स्त्रीसँग आफू टाँसिन पुग्दा आफू स्वर्गमा भएको जस्तै अनुभव उसले अनुभव गर्छः "तिमी मह हौ, तिम्रो जिब्रोबाट दूध र मह बग्दछ" (श्रेष्ठगीत ४:११ रूपान्तरित)।

**आफू कामबासनामा फसेर गलत बाटोमा लागेर पश्चाताप गर्नेहरूलाई देहायका पदहरूमा के शुभसमाचार दिन्छ? १ यूहन्ना १:८-१० "८ यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। ९ यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।", भजन १०३:८-१४ "८ परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला, र अति करुणामय हुनुहुन्छ। ९ उहाँले सधैं दोष लगाइरहनुहुन्न, उहाँले सधैंभरि क्रोध पनि लिइराख्नुहुन्न। १० उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न। ११ किनकि पृथ्वीबाट स्वर्ग जत्ति अग्लो छ, उहाँका भय मान्नेहरूमाथि उहाँको करुणा त्यत्तिकै महान् छ। १२ पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ। १३ जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ। १४ किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ।", यशैया ५५:६,७ "६ जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज। उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट। ७ दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ। हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ।" र यूहन्ना ८:१-११ "१ तर येशू जैतून डाँड़ामा जानुभयो। २ उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो। ३ शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी**

स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए। ४ तिनीहरूले उहाँलाई भने, 'गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी। ५ व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्। तपाईं यसको बारेमा के भन्नुहुन्छ? ' ६ तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए। येशूले निहुरेर भूइँमा औंलाले लेख्नुभयो। ७ तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्।' ८ अनि फेरि निहुरेर उहाँले भूइँमा औंलाले लेख्नुभयो। ९ तर जब तिनीहरूले यो सुने, तब ठूलादेखि सुरु गरी सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एकलै छोडिनुभयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि उभिरही। १० येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, 'ए नारी, तिनीहरू कहाँ गए? के कसैले तिमीलाई दण्ड दिएन? '११ त्यसले भनी, 'प्रभु, कसैले दिएन।' येशूले भन्नुभयो, 'म पनि तिमीलाई दण्ड दिन्नँ। जाऊ, अनि फेरि पाप नगर।'"

## ५. सृष्टिकर्ता परमेश्वरले दिनुभएको उपहारलाई सुरक्षित राख्नु

मानव जातिलाई पुरुष र स्त्री गरेर (उत्पत्ति १:२६-२७) सृष्टिगर्नुहुँदा परमेश्वरको विशेष लक्ष्य थियो। पुरुषमात्र होइन स्त्री पनि परमेश्वरकै स्वरुपमा सृष्टि गरिएकी थिइन्। दुई विपरीत लिङ्गहरूलाई विवाहको प्रक्रियाद्वारा "एउटै हाड र छाला" भनेर जोड्नुभएको थियो। जब विवाहद्वारा पुरुष र स्त्री एक हुनजान्छन् तब तिनीहरूले त्रीएक परमेश्वरलाई विशेष गरेर प्रतिबिम्बित गरेका हुन्छन्। पुरुष र स्त्रीको मिलन जोडिले नयाँ जीवनको उत्पादन हुन्छ। पुरुष र स्त्रीले परमेश्वरको स्वरुपलाई मानवतरिकाले व्यक्त गर्दछन्।

पौराणिक इस्राएलमा परमेश्वरको योजनाबिपरीत यौन सम्पर्क गर्नेहरू र परमेश्वरको विधि वा आज्ञा अनुसार नचल्नेहरूप्रति कडा नीति अपनाइएको थियो र तिनीहरूप्रति कठोर सजायँ तोकिएको थियो। परमेश्वर चाहनुहुन्थ्यो कि उहाँका जन भनेर दावी गर्नेहरूले उहाँको पवित्र चरित्रलाई प्रतिबिम्बित गरुन्। हेर्नुहोस्ः लेबीहरूलाई २०:७-२१ " ७ आफैलाई अर्पण गरेर पवित्र होओ। किनभने म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। ८ तिमीहरूले मेरा विधिहरू पालन गर। तिमीहरूलाई पवित्र तुल्याउने परमप्रभु म नै हुँ। ९ जसले आफ्ना

आमा-बाबुलाई सराप्छ त्यो मारिनैपर्छ। आफ्ना आमा-बाबुलाई सरापेको कारण त्यसको अपराध त्यसकै शिरमाथि परोस्। १० यदि कसैले अर्काकी पत्नीसित व्यभिचार गर्‍यो भने व्यभिचारी र व्यभिचारिणी दुवै मारिनैपर्छ। ११ आफ्ना बाबुकी पत्नीसित सहवास गर्नेले आफ्ना बाबुको अनादर गरेको हो। ती दुवै मारिनैपर्छ। तिनीहरूको अपराध तिनीहरूकै शिरमाथि परोस्। १२ कुनै मान्छेले आफ्नी बुहारीसित सहवास गर्‍यो भने ती दुवै मारिनैपर्छ। त्यो दुराचरण हो। तिनीहरूको अपराध तिनीहरूकै शिरमाथि परोस्। १३ कुनै मान्छेले स्त्रीसँग सम्भोग गरेझैं पुरुषसित गर्‍यो भने त्यो घृणित काम हो। तिनीहरू मारिनैपर्छ। तिनीहरूको अपराध तिनीहरूकै शिरमाथि परोस्। १४ कुनै मान्छेले आमा र छोरी दुवैलाई राख्यो भने त्यो दुष्कर्म हो। त्यो ती दुवैसँग जलाइनुपर्छ, र तिमीहरूका बीचमा यस्तो दुष्कर्म नहोस्। १५ कसैले पशुसित सम्भोग गर्‍यो भने त्यो मानिस मारिनैपर्छ, र त्यस पशुलाई पनि मारिदिनू। १६ यदि कुनै स्त्री पशु-सम्भोगमा फेला परी भने त्यो स्त्री र पशु दुवै मारिनैपर्छ। तिनीहरूको अपराध तिनीहरूकै शिरमाथि परोस्। १७ कसैले आफ्नी बहिनी, अर्थात् आफ्ना बाबु वा आमापट्टिकी छोरी विवाह गरेर तिनीहरूले यौन सम्बन्ध राखे भने त्यो लाजमर्दो कुरा हो। ती दुवै आफ्ना मानिसहरूका बीचबाट बहिष्कार गरिऊन्। त्यसले आफ्नै बहिनीको अनादर गरेको छ। त्यो आफ्नो अपराधको निम्ति उत्तरदायी हुनेछ। १८ रजस्वलाको समयमा कुनै मानिसले स्त्रीसित सहवास गर्‍यो भने ती दुवै आफ्ना मानिसहरूबाट बहिष्कार गरिऊन्, किनभने त्यस पुरुषले स्त्रीका रगतको मूल देखायो र स्त्रीले चाहिँ आफ्नो रगतको मूल देखाई। १९ तिमीले आफ्ना बाबु वा आमाकी दिदी-बहिनीसित सहवास नगर। कारण यसबाट नजिकका साइनुको अनादर हुन्छ। तिनीहरू आफ्नो अपराधको निम्ति उत्तरदायी हुनेछन्। २० कसैले आफ्ना काका वा ठूलो-बाबुकी पत्नीसित सहवास गर्‍यो भने त्यसले आफ्ना काका वा ठूलो-बाबुको अनादर गरेको हो। तिनीहरू आफ्नो पापको निम्ति उत्तरदायी हुनेछन्। तिनीहरू निस्सन्तानै मर्नेछन्। २१ कसैले पनि आफ्नी भाइ-बुहारी वा भाउज्यूलाई विवाह गर्नु अशुद्धता हो। त्यसले आफ्ना दाजुभाइको अनादर गरेको हो। तिनीहरू निस्सन्तानै हुनेछन्।" (कतिले भन्लान् ती नीतिहरू त पुरानो करारको समयको हो, अब हामी नयाँ करारमा छौं, त्यो नीति पालन गर्न आवश्यक छैन भनेर छाडा हुन चाहने इसाईहरूलाई प्रेरित पावलले यसरी घोर विरोध व्यक्त गर्दछन्ः) रोमी १ः१८-३२ "१८ परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र

दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन। २१ किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, २३ र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे। २४ यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्। २५ किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे। २६ यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, २७ र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे।

२८ यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो। २९ तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन्। तिनीहरू डाह, हत्या, झैंझगड़ा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू कुरौटे, ३० र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, ३१ मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन्। ३२ यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्।" र १ कोरन्थी ६:९-२० " ९ अधर्मीहरू परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरूलाई थाहा छैन? धोका नखाओ। अनैतिकहरू, मूर्तिपूजकहरू,

**व्यभिचारीहरू, समलिङ्गीहरू, पुरुषगामीहरू, १० चोरहरू, लोभीहरू,
मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरका राज्यको हकदार
हुनेछैनन्। ११ तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू धोइयौ, पवित्र पारियौ,
प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ। १२
सबै कुरा मेरो निम्ति न्यायसङ्गत छन्, तर सबै कुरा फाइदाका छैनन्। सबै
कुरा मेरो निम्ति न्यायसङ्गत छन्, तर म कुनै कुराको कमारो हुनेछैनँ। १३
भोजन पेटको निम्ति, र पेट भोजनको निम्ति हो। तर परमेश्वरले दुवैलाई नाश
गर्नुहुनेछ। शरीर व्यभिचारको निम्ति होइन, तर प्रभुको निम्ति हो, र प्रभु
शरीरको निम्ति हुनुहुन्छ। १४ परमेश्वरले आफ्नो शक्तिले प्रभुलाई जीवित
पार्नुभयो, र हामीलाई पनि उहाँको शक्तिद्वारा जीवित पार्नुहुनेछ। १५
तिमीहरूका शरीर ख्रीष्टका अङ्गहरू हुन् भन्ने के तिमीहरूलाई थाहा छैन? त
के म ख्रीष्टका अङ्गहरू लिएर तिनलाई वेश्याका अशुद्ध अङ्ग तुल्याऊँ? यो
कदापि नहोस्! १६ वेश्यासँग जोडिने मानिस शरीरमा त्यससँग एक हुन्छ भन्ने
कुरा के तिमीहरूलाई थाहा छैन? किनकि यस्तो लेखिएको छ, 'ती दुवै एउटै
शरीर हुनेछन्।' १७ तर जो प्रभुसँग एक हुन्छ, त्यो उहाँसँग आत्मामा एउटै
हुनेछ। १८ व्यभिचारदेखि अलग बस। अरू जुनसुकै पाप जो मानिसले गर्दछ,
त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको
विरुद्धमा पाप गर्दछ। १९ तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन
पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास
गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ।
२० तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा
परमेश्वरको महिमा गर।"**

चाहे पुरुष होस् चाहे स्त्री होस् तिनीहरू परमेश्वरको स्वरुप भएको कारणले नर र नारीमा भएको उहाँको स्वरुपलाई भ्रष्ट पार्ने, दुरुपयोग गर्ने, हेरफेर वा फेरफार गर्ने कुनै पनि नीतिलाई धर्मशास्त्रले मान्दैन। जब यौनक्रियालाई पति र पत्नीको बीचमामात्र सिमित राखिँदा परमेश्वरले त्यसको उचित सदुपयोग गर्न अगुवाई गर्नुहुन्छ। जब परमेश्वरको नीतिसँग मानिसको अनुभवको सामना गरिन्छ तब ऊ आफू पापी भएको स्वीकार्न पुग्दछ अर्थात् परमेश्वरको नीतिलाई पालन गर्न चाहने मानिसले उहाँको नीति अनुसार चल्न चाहन्छ।

पतित संसारमा पुरुष र स्त्रीसँगको सम्बन्ध आदर्शमय हुनुपर्छ र ती जोडिको बीचमा अरू कुनै आउनुहुँदैन र यसको साथै अरू चरित्रवान र नितीवान हुन निर्देशनहरू येशूभक्तहरूले पालन गर्नको निम्ति दिएको देहायका पदहरू हेर्नुहोस्: रोमी ८:१-१४ "१ यसकारण अब खीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन। २ पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले खीष्ट येशूमा मुक्त पारेको छ। ३ पापमय स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न सकेन परमेश्वरले गर्नुभयो, अर्थात् उहाँले आफ्ना पुत्रलाई पापमय शरीरको स्वरूपमा पापबलिझैं पठाउनुभयो। यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो, ४ यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं। ५ किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। ६ किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो। ७ किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ। ८ पापमय स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन्। ९ यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, तिमीहरू पापमय स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौ। तर कुनै मानिसमा खीष्टका आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदैहोइन। १० यदि खीष्ट तिमीहरूमा हुनुहुन्छ भने, पापको कारणले तिमीहरूका शरीर मरेका भए तापनि तिमीहरूका आत्मा धार्मिकताको कारणले जिउँदा हुन्छन्। ११ तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने, खीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ। १२ यसैले त भाइ हो, पापमय स्वभावअनुसार जिउनलाई हामी पापमय स्वभावप्रति बाध्य छैनौं। १३ किनकि पापमय स्वभावअनुसार जिउँछौ भने, तिमीहरू मर्छौ, तर यदि पवित्र आत्माद्वारा शरीरका कार्यहरू तिमीहरूले निर्मूल पार्‍यौ भने, तिमीहरू जिउनेछौ। १४ किनभने सबै, जो परमेश्वरका आत्माले डोर्‍याइएका हुन्छन्, तिनीहरू नै परमेश्वरका सन्तान हुन्।", १ कोरन्थी ६:१५-२० "१५ तिमीहरूका शरीर खीष्टका अङ्गहरू हुन् भन्ने के तिमीहरूलाई थाहा छैन? त के म खीष्टका अङ्गहरू लिएर तिनलाई

वेश्याका अशुद्ध अङ्ग तुल्याऊँ? यो कदापि नहोस्! १६ वेश्यासँग जोडिने मानिस शरीरमा त्यससँग एक हुन्छ भन्ने कुरा के तिमीहरूलाई थाहा छैनरु किनकि यस्तो लेखिएको छ, 'ती दुवै एउटै शरीर हुनेछन्।' १७ तर जो प्रभुसँग एक हुन्छ, त्यो उहाँसँग आत्मामा एउटै हुनेछ। १८ व्यभिचारदेखि अलग बस। अरू जुनसुकै पाप जो मानिसले गर्दछ, त्यो शरीरबाट बाहिर हुन्छ, तर व्यभिचार गर्ने मानिसले आफ्नै शरीरको विरुद्धमा पाप गर्दछ। १९ तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। २० तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।", २ कोरन्थी १०:५ "परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं।", गलाती ५:१९-२६ "१९ पापमय स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्, व्यभिचार, अपवित्रता, लम्पटपना, २० मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैंझगड़ा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, २१ डाह, पियक्कड़पन, अश्लील मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता कामहरू गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्।

२२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन। २४ तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्। २५ हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँड़ौं। २६ हामी अहङ्कारी नहोऔं, एउटाले अर्कोलाई रीस नउठाऔं, र एउटाले अर्कोलाई ईर्ष्या नगरौं।", कलस्सी ३:१-१७ "१ यसकारण यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ। २ माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन। ३ किनभने तिमीहरू मरेका छौ, र तिमीहरूको जीवन परमेश्वरमा ख्रीष्टसँग लुकाइएको छ। ४ ख्रीष्ट, जो हाम्रो जीवन हुनुहुन्छ, उहाँ प्रकट हुनुहुँदा तिमीहरू पनि उहाँसँगै महिमामा प्रकट हुनेछौ।

५ यसकारण तिमीहरूमा जो सांसारिक स्वभावका कुराहरू छन् तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो। ६ यिनै कुराहरूका खातिर परमेश्वरको क्रोध आज्ञा नमान्नेहरूमाथि आउँदछ। ७ तिमीहरू पनि यी कुरामा रहँदा अघि एक समय यस्तै कुरामा चल्दथ्यौ। ८ तर अब तिमीहरूले पनि यी सबै कुरा त्यागः रीस, क्रोध, डाह, निन्दा, आफ्नो मुखबाट निस्कने फोहोर बोली। ९ एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ, १० र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भइरहेको छ। ११ यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ। १२ यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर तिमीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्य धारण गर। १३ एउटाले अर्कालाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने, एक-अर्कालाई क्षमा गर्ने गर। जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ। १४ यी सबैभन्दा बढ़ी बरु प्रेम धारण गर, जसले सबै थोकलाई सम्पूर्ण एकतामा एकसाथ बाँध्छ। १५ ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्। साँच्चै, तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ। तिमीहरू धन्यवादी होओ। १६ ख्रीष्टको वचन तिमीहरूमा प्रशस्ततासँग वास गरोस्। पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ। १७ कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढ़ाउँदै प्रभु येशूको नाउँमा गर।" र १ थेस्सोलिनिकी ५:१६-२६ "१६ सधैं आनन्दित रहो। १७ निरन्तर प्रार्थना गरिरहो। १८ सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरूका लागि परमेश्वरको इच्छा यही हो। १९ पवित्र आत्मालाई ननिभाओ। २० अगमवाणीलाई तुच्छ नठान। २१ सबै कुराको जाँच गर। जुन कुरा असल छ त्यसैमा दृढ़ रहो। २२ सबै किसिमका खराबीबाट अलग बस। २३ शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्। २४ तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले

**यो गर्नु नै हुनेछ। २५ भाइ हो, हाम्रा निम्ति प्रार्थना गर। २६ सबै भाइहरूलाई पवित्र चुम्बनले अभिवादन गर।"**

पापको भ्रष्ट चलखेलबाट पूर्णरूपमा स्वतन्त्र हुन येशूका विश्वासीहरू उहाँको आगमनको निम्ति पर्खिरहेका हुन्छन्। तिनीहरू उहाँमाथि विश्वास राखेर पर्खन्छन्। विश्वासबाट जिइरहनेभएका तिनीहरू पाप स्वभावको निम्ति आफूहरू मरेको ठान्दछन् तर क्रुसमा येशूको मृत्युले र उहाँको पुनरुत्थानले तिनीहरू जिउँदै छन् भनेर ठानिरहेको हुन्छ। निरन्तर प्रार्थना गर्दै, सतर्क भएर बस्दै र पवित्र आत्माको शक्तिले तिनीहरूको पापी र शारीरिक स्वभावलाई क्रुसमा टाँगिएको भन्ने अनुभव तिनीहरूले गर्दछन्। तिनीहरूको सोच बिचार र कामक्रियाद्वारा येशूले पहिल्याउनुभएको आदर्शमा तिनीहरू चल्न खोज्दछन्। आफूहरूको शरीर आफ्नो होइन तर परमेश्वरको हो भनेर स्वीकार गर्दछन्। चाहे यौन सम्पर्क होस् वा अरू कुनै क्रियाकलाप होस् तिनीहरू परमेश्वरको योजनामा चल्न राजी हुन्छन्।

हो, मानिस पापी जाति हो र नचाहन्दा नचाहाँदैपनि कतिपय समयमा पापमा फस्दछ। तर आफ्नो पाप स्वीकार गरेर पश्चाताप गर्छ भने परमेश्वरले उसलाई क्षमा दिनुहुन्छ (१ यूहन्ना १:९)। सुरूमा अज्ञानताले गर्दा यौनक्रिडा र अरू दुराचारमा फस्नेहरूलाई सुसमाचारले तिनीहरूलाई समेट्दछ, यदि तिनीहरू ती पाप तथा अधर्महरूबाट फर्किए भने। पापको भयाबह परिणामले ल्याएको मानिसहरूको बीचमा संस्कार, संस्कृति, लोकाचार र लोकले मानेका यौनसम्बन्धमा ल्याएको हेरफेरको नतिजाको बारेमा अहिले नै सबै कुरा थाहा हुन्छ भन्ने छैन। कतिपय मानिसहरू अविवाहित वा ब्रह्मचारी भएर बस्न रुचाउँछन् र तिनीहरू परमेश्वरको वचनको नीतिले मनाही गरेको छाडा यौनक्रियामा लाग्नुभन्दा नलाग्नुनै बेस भनेर विवाह नगरि बस्न चाहेका हुन्छन्।

**समलिङ्गीहरूप्रति चर्चको धारणा के छ? ती समलिङ्गीहरूको यौनसम्बन्धको बारेमा आफ्नै धारणाले गर्दा हामीहरूको सोचमा कसरी प्रभाव पार्न सक्छ?**

## उपसंहारः

**थप जानकारीः** "विवाहले येशूको आशिष पाएको हुन्छ र यसलाई पवित्र संस्थाको रूपमा लिइनुपर्दछ। सही वा सत्य धर्मले परमेश्वरको योजनाको

बिपरीत काम गर्दैन। पवित्र वैवाहिक जीवनमा पुरुष र स्त्री बाँधिएर बसुन् भनेर परमेश्वरले नै खटाउनुभएको हो। अति आदरणीय र सम्मानका साथ परिवारहरू हुर्कुन् र बढुन् ताकि तिनीहरू स्वर्गको परिवारको प्रतीक हुनसकुन् भन्ने परमेश्वरको चाहना हो। येशूले आफ्नो सेवाकार्यको सुरूमा नै जुन् संस्थालाई अदनको बगैंचामा पवित्र पारिएको थियो त्यही संस्थालाई पवित्र पार्ने निर्णय गर्नुभएको थियो। जब विवाहको समारोहमा येशूलाई निमन्त्रणा गरिएको थियो त्यसलाई अस्वीकार नगर्न आफूले निर्णय गर्नुभएको थियो। जब विवाहमा शुद्धता, पवित्रता, सत्य र धार्मिकता मिल्दछ तब त्यो मानव परिवारको निम्ति सबभन्दा ठूलो आशिषहरूमा एक हुन्छ भनेर येशूको सहभागिताद्वारा जनाइएको थियो।"-एलेन जी ह्वाइट, *सन्स एण्ड डटरस् अभ गड,* पृ. १८०, १८१बाट रूपान्तरित।

वैवाहिक जीवनमा यौनसम्बन्ध आदरणीय, प्रशंसनीय र अचम्मको हुन्छ भनेर श्रेष्ठगीतले देखाइदिएको छ। तर बाहिरी रूपको भरमा र केवल शारीरिक कामबास्नाको चुम्बकीय प्रभावले त्यो सम्बन्ध दिगो रहँदैन। हामीहरूको उमेर ढल्किन्छ र खस्किँदै जान्छ, र जतिसुकै असल खाना, कसरत वा प्लास्टिक सर्जरी गरेर अनुहारालाई चिटिक्क पारिराखेतापनि हामी सधैं युवा भएर बस्दैनौं। सोलोमन र शुलामाइटको विवाह जीवनभरीको निम्ति थियो र एक आपससितको सम्बन्ध एकआपसमा समर्पित थियो। तिनीहरूले एक आपसको लागि हौं भनेर तिनीहरूले तिनपल्ट एकआपसप्रति प्रतिवद्धता देखाएका थिए (श्रेष्ठगीत २:१६, ६:३, ७:१०)। पारस्परिकसम्बन्धमा तिनीहरूले एक हौं भनेर पहिलो पल्ट जनाएका थिए ( यस मामिलामा पावलले पनि यसरी समर्थन जनाउँछन्: एफिसी ५:२१, ३१-,३३ " २१ ख्रीष्टको श्रद्धामा एक-अर्काको अधीनमा बस।... ३१ 'यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।' ३२ यो एउटा गम्भीर रहस्य हो, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु। ३३ जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैलाई झैं प्रेम गर, र पत्नीले पनि आफ्ना पतिको आदर गरोस्)। दोस्रो पल्ट शुलेमाइटले आफ्नो बफादारिता र पतिभक्तितताप्रति प्रतिवद्धता जनाउँछिन्। पावलले येशू र चर्चसँगको सम्बन्धलाई यसरी जोड्दछन्: एफिसी ५२२-२४ "२२ पत्नी हो, प्रभुको अधीनमा रहेजस्तै आ-आफ्ना पतिको अधीनमा बस। २३ किनकि पति पत्नीको शिर हो, जसरी

ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ। २४ जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून्")। तेस्रो पल्ट श्रीमानले आफ्नी श्रीमतीको चाहना गरेको व्यक्त गर्दछ (एफिसी ५:२४-३२)। यस्तो खालको प्रेम कुनै किसिमले हल्लिँदैन वा कसैले पनि डगमगाउन सक्दैन (श्रेष्ठगीत ८:७)। यस्तो खालको प्रेम लालमोहर लगाइको छाप हो जसलाई कसैले पनि तोड्न सक्दैन।

**चिन्तनमननः**

अ) **सोलोमनले आफ्नी श्रीमती सिद्ध र सर्वगुणले सम्पन्न भएकी स्त्री भनेर व्यक्त गरेको भावनासँग (श्रेष्ठगीत ४:१-५, ६:८ र ७:१-९) जब आदमले हव्वालाई प्रथम् पल्ट देखे त्यससँग तुलना गर्नुहोस्, उत्पत्ति २:२३ "मानिसले भने, 'यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ।' किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्)। यस सन्दर्भमा श्रीमानको व्यवहार आफ्नी श्रीमतीप्रति कस्तो हुनुपर्छ? हेर्नुहोस्ः एफिसी ५:२८,२९ "२८ त्यसरी नै पतिहरूले पनि आ-आफ्ना पत्नीलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ। आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ। २९ किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो मण्डलीको निम्ति गर्नुहुन्छ, ३० किनभने हामी उहाँका शरीरको अङ्ग हौं।" (यसको अर्थ स्पष्ट छः धर्म, संस्कार, अधिकार, जात आदिको नाउँमा श्रीमान वा पुरुषले स्त्रीलाई असमान व्यवहार वा दमन गर्न बाइबलले अनुमति दिएको छैन। कतिपय पुरूष प्रधान इसाई समाजमा पनि स्त्री पतिको अधीनमा बस्नुपर्छ भनेर बाइबलले सिकाउँछ भन्ने निहुँमा पत्नी वा स्त्रीलाई दमन गर्छन्। तर पावलले स्पष्टसँग भन्दछन् कि यदि पत्नीलाई जसरी येशूले चर्चलाई आफ्नो ज्यान दिनुभएर माया गर्नुहुन्छ त्यसरी माया गरिएन भने कुनै**

पनि पतिले आफ्नो श्रीमतीलाई अन्यायपूर्वक बशमा राख्ने अधिकार छैन-अनुवादकको प्रतिक्रिया)।

आ) कतिपय मानिसहरूले श्रेष्ठगीतलाई येशू र उहाँको चर्चसँगको सम्बन्धको प्रतीकको रूपमा लेखिएको कविता हो भनेर देख्दछन्। त्यस प्रतीकलाई धेरै बढाइचढाइ गरेर नसोच्न सावधानी अपनाइनुपरेतापनि ती दुईको सम्बन्ध हामीहरूको परमेश्वरसँग हुनुपर्ने सम्बन्धलाई कसरी प्रतिबिम्बित गर्दछ? हेर्नुहोस्ः यशैया ५४ः४,५ "४ नडराऊ, तिमी शर्ममा पर्नेछैनौ। अनादरको भय नमान्, तिमीलाई होच्याइनेछैन। तिमीले आफ्नो जवानीपनको लाजलाई भुल्नेछौ र तिम्रो विधवापनको निन्दा तिमीले फेरि कहिल्यै सम्झनेछैनस्। ५ किनकि तिम्रो सृष्टिकर्ता तिम्रो पति हुनुहुन्छ। उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो। इस्राएलका परमपवित्र तिम्रो उद्धारक हुनुहुन्छ। उहाँ सारा पृथ्वीका परमेश्वर कहलाइनुहुन्छ।", यर्मिया ३ः१४ "१४ फर्क, अविश्वासी प्रजा हो, परमप्रभु भन्नुहुन्छ, किनभने म तिम्रो पति हुँ। म सहरबाट एक जनालाई र वंशबाट दुई जनालाई छान्नेछु र तिमीहरूलाई सियोनमा ल्याउनेछु।" र २ कोरन्थी ११ः२ " ईश्वरीय डाहले म तिमीहरूप्रति डाही भएको छु। एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरूको मगनी गरिदिएँ।"

इ) हामीहरूको बोलीवचनमा हामीहरूका जहान परिवार वा जोसँग पनि मिल्ने वा भड्काउने तत्व हुन्छ भनेर देहायका पदहरूमा कसरी दिइएका छन्? यदि हामी येशूका भक्त हौं भनेर देखाउन चान्छौं भने हामीहरूको बोलीवचनलाई सम्हाल्नुपर्छ। हेर्नुहोस्ः हितोपदेश ३१ः२६ "तिनी बुद्धिसँग बोल्छिन्, र तिनको जिब्रोमा विश्वास योग्य उपदेश हुन्छ।" श्रेष्ठगीत ५ः१६ "उहाँको मुख मिठासले नै भरिएको छ, उहाँ पूर्ण रूपले सुन्दर हुनुहुन्छ। उहाँ नै मेरा प्रेमी, मेरा मित्र हुनुहुन्छ, हे यरूशलेमका छोरीहरू हो।" याकूब १ः२६ "यदि कोही मानिसले आफूलाई धर्मी सम्झन्छ, र आफ्नो

जिब्रोमा लगाम लाउँदैन, तर आफ्नो हृदयलाई धोका दिन्छ भनेता त्यस मानिसको धर्म व्यर्थ हुन्छ।" र याकूब ३:५-११ "१ भाइ हो, तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ। किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको न्याय अझ कठोर रूपले हुनेछ। २ किनकि हामी सबै धेरै भूल गर्दछौं। जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ। ३ यदि घोडाहरूलाई वशमा राख्नलाई तिनीहरूका मुखमा लगाम लगायौं भने तिनीहरूका सारा शरीरलाई जता मन पर्‍यो त्यतै लान सक्छौं। ४ हेर त, जहाजहरू जो तेज हावाले चल्दछन्, ती ठूला-ठूला भए तापनि एउटा सानो पतवारद्वारा कर्णधारले आफ्नो इच्छाअनुसार जता मन पर्‍यो त्यतै लान्छ। ५ त्यस्तै जिब्रो पनि एउटा सानो अङ्ग भएर ठूला-ठूला कुराको अभिमान गर्दछ। हेर, एउटा सानो आगोको झिल्काले ठूलो वन पनि स्वाहा पार्दछ। ६ जिब्रो पनि एउटा आगो नै हो। यो शरीरका अङ्गहरूमध्ये अधर्मको एउटा दुनियाँ नै हो। यसले सारा शरीरलाई दूषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ र नरकको आगोमा त्यो जल्छ! ७ हरेक किसिमका पशुपक्षी, घस्रने जन्तु र समुद्रका जीवजन्तुलाई तह लगाउन सकिन्छ, र मानिस जातिबाट नै तह लगाइएको छ। ८ तर जिब्रोलाई कुनै मानिसले तह लाउन सक्दैन। घातक विषले भरिएको यो चञ्चल दुष्ट हो। ९ यसद्वारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौं, र यसैद्वारा परमेश्वरको स्वरूपमा बनेका मानिसहरूलाई हामी सराप्तछौं। १० एउटै मुखबाट आशीर्वाद र सराप निस्कन्छन्। मेरा भाइ हो, यसो नहुनुपर्ने हो। ११ के पानीको मूलको एउटै धाराबाट मीठो र तीतो पानी निस्कन्छ ररु १२ मेरा भाइ हो, के अञ्जीरको बोटमा जैतून अथवा दाखको बोटमा अञ्जीर फल्न सक्छ र? तीतो पानीको मूलबाट पनि मीठो पानी निस्कन सक्दैन।"

## कथा ६
## येशूको निम्ति आगो हुनु
## मिग्वेल आमारोस्परान्जा, ६९ उरुग्वे

वर्ष ६९को मिग्वेल एकदम जोशले भरिएको थियो। केही वर्ष अघि मिग्वेललाई उसको साथी रालडिनो "डिनो" फर्नान्डेले आफ्नो घरमा बाइबल अध्ययन गराइ दिन निम्तो दिएको थियो। डिनोको घर उरुग्वेको राजधानी मोन्टेभिडियोकोको ला टेया जिल्लाको एउटा गाउँमा पर्दथ्यो। त्यो ठाउँ अरू ठाउँजस्तो सम्पन्न थिएन्।

जब मिग्वेलले बाइबल सिकाउन निम्तो पायो तब ऊ खुशीभएर डिनोको घरमा बाइबल अध्ययन गर्ने टोलीमा अगुवा भएर सरिक भयो। उसले बाइबलमात्र सिकाएन डिनोसँग कतिजनाको घरमा गएर बाइबल सिकाउन थाल्यो। त्यस जिल्लामा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भवन थिएन। एक वर्षपछि बाइबल अध्ययन गर्ने टोलीका सहभागीहरूलाई दानिएल र प्रकाशको बारेमा सुसमाचारीय श्रृङ्खलाको आयोजनामा भाग लिन निम्तो दियो। त्यसबेला १६ जनाले बप्तिस्मा लिए।

"त्यस सुसमाचारीय कार्यक्रम पछि चर्च स्थापना गर्ने हामीले निर्णय गऱ्यौं" मिग्वेलले भन्यो। मिग्वेल, चर्चका अरू सदस्यहरू र १६ जना नयाँ सदस्यहरू मिलेर एउटा घर भाडामा लिए जहाँ प्रत्येक साबथमा आराधना कार्यक्रमको आयोजना गरे। जब एडभेन्टिस्टहरूले छिमेकीहरूलाई खाना र लुगा बाँड्न थाले तब चर्चमा सहभागी हुनेहरूको संख्या बढ्न थाल्यो। बहालमा लिइएको घर सानो भयो। चर्चको निम्ति ठूलो भवन खोज्न थालियो र समुदायमा कसरी अझ धेरै प्रभाव पार्ने भनेर तिनीहरूले उपायहरू खोज्न थाले।

चर्च भवनको निम्ति समस्या त्यसबेला समाधान भयो जब विश्वका सेभेन्थ-डे एडभेन्टिस्टहरूले सन् २०१६मा उठेको त्रैमासिक भेटीको केही भाग पठाएर ला तेजा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले आफ्नै भवन किन्न सहयोग गऱ्यो। त्यस भेटीले चर्च भवन र जीवनशैली केन्द्र खोल्न सहयोग गरेको थियो।

आफ्नै चर्च भवनमा मानिसहरूको सेवा गर्न अब नयाँ अवसर पाएकोमा मिग्वेलको हर्षको सिमा थिएन।

"हामीहरूको छिमेकीको वरपर रहेका मानिसहरू र घरवार बिहिन मानिसहरूलाई सेवा गर्ने हाम्रो योजना छ। आर्थिक गतिविधिमा कमजोर भएका धेरै मानिसहरू हामीहरको वरिपरि छन्" अन्तर्वार्ता लिने क्रममा चर्चको भान्सा कोठामा मिग्वेलले भन्यो। त्यहाँ स्वस्थ परिकार बनाउने कक्षा संचालन गर्दछ।

## *कथा दुई*

येशूकहाँ मानिसहरूलाई ल्याउने काम मिग्वेलको यो पहिलो पटक थिएन। केही समय अघि मिग्वेल र इल प्राडा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका केही सदस्यहरू मन्टेभिडियोको खतरा भाग भएको झोपडपट्टी बस्तीमा त्यहाँका मानिसहरूलाई सहयोग गर्न नियमितरूपमा यात्रा गर्दथे। त्यहाँका मानिसहरू थोत्रो कागजका बाकसहरूको घर बनाएर सुत्दथे।

"हामी मध्ये पाँच जनाले प्रत्येक साबथमा २५ जनालाई बाइबल सिकायौं। हामीले तिनीहरूलाई खाना पनि ल्याइदियौं। हामी आवश्यक भएका मानिसहरूकहाँ गएर तिनीहरूको आवश्यकतामा सहयोग गरेका थियौं" मिग्वेलले भन्यो।

चर्चका सदस्यहरूले ४७ वयस्क र ९० जना बालबालिकाहरूलाई नियमितरूपमा सहयोग गरे। तिनीहरूले ती गरिबहरूको निम्ति घरहरू बनाइदिए जहाँ वर्षाको बाढीबाट तिनीहरू सुरक्षित भएका थिए।

त्यस बस्तीबाट मानिसहरू चर्चमा आउन थाले। कोही घोडाबाट आउँथे भने कोही टाँगाबाट। "त्यस कामको कारणले २१ जनाले बप्तिस्मा लिए" खुशीभएर मिग्वेलले व्यक्त गऱ्यो।

## कथा तीन

उरुग्वेको एडभेन्टिस्ट डेभलोप्मेन्ट रिलिफ एजेन्सीसँग मिग्वेलले २७ वर्ष काम गरेको थियो। उसको काममा उसले धेरै रमाइला अनुभवहरू बटुलेको थियो। तिनीहरूमा वाल्टर नाउँ गरेको मानिसको बारेमा सम्झन मिग्वेललाई असाध्यै मन पर्छ। वाल्टर घरबार विहीन थियो र उसका खुट्टाहरू पनि थिएनन् र साथै ऊ मधुमेह रोगले सताइएको थियो। एक दिन ऊ मन्टेभिडियोको आड्डा केन्द्रमा आयो।

वाल्टरले खान पाएको थिएन र उसको सुत्ने ठाउँ पनि थिएन। जब एकदिन सामुदायिक भवनमा मिग्वेलले खाना बनाएर बाँड्दै थियो त्यसबेला वाल्टर पनि आएको थियो। मिग्वेल र वाल्टरको बीचमा राम्रो चिनापर्ची भयो। बाल्टर एक फेरा प्रख्यात् हँसाउने र छेड हान्ने गीतहरू लेख्ने लेखकको रूपमा लोकप्रिय व्यक्ति भएको थियो। उसले लेखेका गीतहरू उरुग्वेमा जनवरी र फेब्रुअरी महिनामा हुने ठूलो वार्षिक जात्रामा गाइन्थ्यो।

आफ्नो जीवनमा येशूले कस्तो काम गर्नुभयो भनेर मिग्वेलले वाल्टरलाई सुनायो। त्यसले गर्दा येशूको बारेमा वाल्टरको चासो बढ्यो।

एक दिन खाना खाएपछि बाल्टरले सोध्यो "मलाई बाइबलको बारेमा सिकाइदिनुहोस् न।"

वाल्टरको अनुरोधमा दुई जना एडभेन्टिस्टहरू वाल्टर रहेको रूखको पातै पात भएको चौरमा उरुग्वेको न्यानो घाममा उसलाई बाइबल पढाउन थाले। "ऊ एकदम तेजिलो थियो र उसले बाइबलको बारेमा तुरन्तै सिक्यो। आफू परिवर्तन हुन उसले चाहना गऱ्यो। येशूको बारेमा जानेर आफ्नो नराम्रो जीवन परिवर्तन गर्न उसले इच्छा व्यक्त गऱ्यो।

उसले चुरोट, रक्सी खान छोड्यो साथै अरू सबै खराब बानीहरूमा परिववर्तन ल्यायो। आड्रा केन्द्रमा उसले स्वस्थ शाकाहारी खान पाएको थियो। उसले भटमासको मासु वा टोफुलाई मन पराउन थालेको थियो।

एक दिन मिग्वेलले साबथको बारेमा प्रवचन तयार गर्दै थियो, वाल्टरले सोध्यो, "तपाईंले के को बारेमा प्रवचन दिँदै हुनुहुन्छ?"

रेफ्रिजरेटरको ढोकामा भएको चित्रबाट प्रेरणा पाएर त्यसकै आधारमा प्रवचन दिन लागेको भनेर मिग्वेलले जवाफ दियो। त्यस चित्रमा एउटा बालकले फोहरको थुप्रोबाट खाना बटुल्दै थियो र त्यसमा एउटा प्रश्न थियो, केको बारेमा गुनासो गर्दैछौ?"

बाइबल खोलेर मिग्वेले लूका ९:१३ पढ्यो। त्यसमा एउटा कथा थियो। चेलाहरूले येशूको प्रवचन सुन्ने भिडलाई भोक लाग्यो होला घर पठाइ दिनुहोस् भनेर अनुरोध गरेका थिए। त्यसमा उहाँले तिनीहरूलाई अऱ्हाउनुभएको थियो "तिमीहरूले नै ख्वाऊ।" अनि येशूले पाँचवटा रोटी र दुईवटा माछाबाट हजारौंलाई अचम्म तरिकाले ख्वाउनभएको थियो।

मिग्वेल खाना पकाउन व्यस्त भयो। त्यसबेला वाल्टरले कागजको टुक्रामा केही लेखे। कागजमा केही लेखेपछि वाल्टरले मिग्वेललाई त्यो

कागज दिँदै भन्यो, "यदि यो उपयोगी छ भने तपाईँले तपाईँको प्रवचनमा प्रयोग गर्नहोस्।"

मिग्वेलले आफ्नो प्रवचनमा वाल्टरका हरफहरू पढ्यो। ती हरफहरूले चर्चका मानिसहरूको हृदय छोएको थियो र धेरै मानिसहरू रोए।

येशूको दृष्टिकोणको आधारमा वाल्टरले लेखेको थियो। उसले लेखेको लेखमा येशूले नै कुरा गरिरहनुभएको देखाइएको थियो। त्यसमा यो सन्देश थियो, "तिमीहरूले गुनासो गर्दैछौ? किन? हेर त तिम्रो वरिपरि कति मानिसहरू घरबार बिहीन छन्, कतिको खाना नै छैन। कतिको लुगा नै छैन। तर तिम्रो त बस्ने ठाउँछ, खानालाई खाना छ र लाउने लुगा छ।" अनि वाल्टरले आफ्नै बारेमा लेखेको थियो।

"अहिले मलाई हेर्नुहोस्। जाँडरक्सी खाने जड्याँहा साथीहरू मेरा थिए। तिनीहरू मसँग नाचे। म प्रख्यात भएकोले तिनीहरू मकहाँ आए। अब तिनीहरू मकहाँ आउँछन् र तिनीहरूको समस्या लिएर मकहाँ गुनासो गर्न आउँछन् र म भन्छु, "तिमीहरू के गुनासो गर्छौ? लौ मलाई हेर मेरो खुट्टा छैन र म मधुमेह रोगले सताइएको छु।"

धेरै महिनापछि वाल्टरले आफ्नो हृदय येशूलाई दियो। जब बप्तिस्माको पानी बाट ऊ निस्क्यो उसले चिच्च्याएर भन्यो, "हे प्रभु येशू तपाईँलाई धन्यवाद छ!"

अहिले पनि वाल्टरको विजयको आवाज मिग्वेलले सुनिरहेको छ। बप्तिस्मा लिएको ४५ दिनपछि वाल्टरको देहान्त भएको थियो।

"जब हाम्रो स्वर्गमा रहनुभएको पिताले हामीलाई स्वर्गको घरमा लानुहुनेछ तब वाल्टरलाई भेट्ने मेरो आशा छ। वाल्टरलाईमात्र होइन ती सबै मानिसहरू जसलाई परमेश्वरले सुसमाचार सुनाउने अवसर मलाई दिनुभयो। तिनीहरू सबैलाई म स्वर्गमा भेट्न चाहन्छु" मिग्वेलले आफ्नो आशा पोखायो।

लेखकः *आन्द्र्यु मेकचेस्ने*